जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक ३२ २०७६ साल फागुन २५ गते आइतवार (8 Mar. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नावालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** हुलाकी सडकको काम ... **पृष्ठ ३ मा :** अपरिहार्य महिला ... **पृष्ठ ४ मा :** केजरीवालको नेपाल ... **पृष्ठ ५ मा :** कोरोना संक्रमितको संख्या एक लाख बढी ...

# ९ हजार १ सय ४० परिक्षार्थी एसईई दिदै

**राजविराज**/आउँदो चैत्र ६ देखि सुरु हुने एसईई परिक्षाका लागि सप्तरीबाट ९ हजार १ सय ४० जना परिक्षार्थीहरु सामेल हुने भएका छन् ।

शिक्षा विकास तथा समन्वय ईकाइ शाखा प्रमुख फनिन्द्र खत्रीका अनुसार नियमित तर्फ ८ हजार ४ सय ६८, एकजाम्टेड तर्फ १ सय ३६ र ग्रेड बृद्धि तर्फ ५ सय ३६ गरी कुल ९ हजार १ सय ४० परिक्षार्थी सहभागि हुने छन् ।

जिल्लाको सामुदायिक र निजी गरी १ सय ३७ विद्यालयका विद्यार्थीहरु ३३ वटा परिक्षा केन्द्रमार्फत यस वर्ष एसईई परिक्षाका दिनेछन् ।

परिक्षालाई मर्यादित ढंगले सम्पन्न गर्न आवश्यक सवै तयारी पुरा भएको परिक्षा समन्वय समिति सप्तरीले जनाएको छ ।

# चार मध्ये तीन स्थानमा छात्राहरु



**राजविराज**/मधेशका छोरीहरुलाई प्रतियोगिताको माध्यमले सबल बनाउने उद्देश्यले सप्तरीमा आयोजित विद्यालय स्तरिय लैङ्गिक मैत्री समाज निर्माणमा मेरो भुमिका विषयक वक्तृत्व कला प्रतियोगितामा चार मध्ये तीन स्थान छात्राहरु जितेका छन् ।

शान्तिका लागि साझा अभियान (कोक्याप) काठमाडौंको सहकार्य, सेतु समुदायीक विकास तथा मानव अधिकार मंच र राजगढ गाउँपालिकाको संयोजनमा नारी दिवसको अवसर पारेर पुर्व सध्यामा आयोजित उक्त वक्तृत्व कला प्रतियोगितामा चार मध्ये तीन स्थान छात्राहरुले नै जितेका हुन ।

प्रतियोगितामा जनता शंकर मा.वि. कि छात्रा कंचन कुमारी मण्डल प्रथम र सोही विद्यालयकी मोनिका पंडित द्वित्तिस्तीय भएकी छिन् । तृतीय स्थान जनता मा.वि. बेल्ही चपेनाका छात्र विवेक कुमार मण्डलले हात पारे भने चौथो पुरस्कार सान्त्वाना पुरस्कार पनि सोही विद्यालयकी छात्रा सुस्मिता कुमारी मण्डलले हात पारेकी छिन् ।

प्रतियोगितामा विभिन्न विद्यालयका तीन दर्जन छात्रछात्राहरुको सहभागीता रहेको थियो । प्रतियोगिता समाप्ती पछि वडाध्यक्ष ललित प्रसाद सिंहको अध्यक्षतामा आयोजित पुरस्कार समारोहमा प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य सुमन राज प्याकुरल, कोक्यापकि उपाध्यक्ष आभा सेतु सिंह, राजगढ गाउँपाकिलाकी प्रमुख प्रमानन्द यादव, सेकडिहुरफका अध्यक्ष जंग बहादुर सिंह, शिक्षा विकास समन्वय ईकाइका प्रमुख फनिन्द्र खत्री, प्रधानाध्यापक सुभाष चन्द्र दास लगायतले विजयी छात्र छात्राहरुलाई पुरस्कार वितरण गरको थिए ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :२०७६/०७७ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

मिति :- २०७६/११/२२

***स्वास्थ्य सजगता तथा शान्ति कायम गर्ने सम्बन्धी सूचना ।***

आफ्नो घर परिवार र समाजमा अनिवार्य रूपमा गर्नु पर्ने विभिन्न किसिमका सामाजिक कार्यहरू (जस्तैः विवाह, व्रतवन्ध, छेक्का, केश मुण्डन आदि कार्यमा ठुलो भोजभतेर तथा अनावश्यक तडक भडक नगरी सामान्य रूपमा सम्पन्न गर्न आवश्यक सहयोग गर्न सम्पूर्ण जिल्ला वासीहरूको लागि यो सूचना प्रकाशित गरिएको छ ।


*विशेष गरी देहायका क्रियाकलापहरू तर्फ सजकताका लागि ध्यानाकर्षण गरिन्छ ।*

१. ठुलो आवाज आउने D.J. र Loud Speaker को प्रयोग नगर्ने ।
२. विद्यमान स्वास्थ्य प्रतिकुल विश्व ब्यापी CORONA VIRUS संक्रमणलाई मध्यनजर गरी अनिवार्य रूपमा गर्नै पर्ने सामाजिक कार्य गर्दा सके सम्म धेरै ठुलो जमघट हुने भोज भतेर तथा सभा समारोहको आयोजना नगर्ने ।
३. होलीमा अनावश्यक उच्छृङ्खल क्रियाकलाप नगर्ने, मादक पदार्थ सेवन नगर्ने, जबरजस्ती पानी नछ्याप्ने, पानीमा नभिज्ने ।
४. विद्यालय, मठ, मन्दिर, मस्जिद, अस्पताल तथा सार्वजनिक स्थल/निकायहरूमा ध्वनी प्रदुषण हुने गरी Loud Speaker तथा बाजा नबजाउने साथै प्रेसर हर्नको प्रयोग कतैपनि नगर्ने।

**पुनश्चः** उपरोक्त बमोजिम तथा अन्य गैर कानूनी क्रियाकलाप भए गरे गराईएको पाईएमा प्रचलित कानून बमोजिम सजाय हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

जनार्दन कट्टेल
प्रशासकीय अधिकृत

web: www.daosaptari.moha.gov.np email:daosaptari1@gmail.com




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit Quick & Easy · prabhu Money Transfer प्रभुको इच्छा · City Express Money Transfer · IME International Money Express · IME pay wallet · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### विवाद नगरि तालाबन्दी खोलाउन पहल थालौं

विगत दुई हप्ता बढी समयदेखी लागेको तालाबन्दी खुलाउने प्रयास नभएपछि अहिले सप्तरीको तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको समपूर्ण कामकाज ठप्प भएको छ। गत वर्षमै उपभोक्ता समिति मार्फत गरिएको विभिन्न कार्यहरुको रकम निकासा नगरिएको भन्दै उपभोक्ता समितिकै तर्फबाट सो तालबन्दी गरिएको हो । समयमै ती कार्यहरु सम्पन्न भएपनि हालसम्म निकासा पाउन नसकेकोले विभिन्न उपभोक्ता समितिहरु मर्कामा परेका छन् । यता गाउँपालिकाले भने सम्पन्न कार्यहरुको अनुगमन लगायत अन्य सम्पूर्ण कार्यको जिम्मा उपाध्यक्षलाई रहेकोले उपाध्यक्षले ती कार्यहरुको अनुगमन नगरेर कागजातसमेत नदिएकोले रकम भुक्तानी हुन नसकेको जनाएको छ ।

गाउँपालिकामा विगत लामो समयदेखी अध्यक्ष र उपाध्यक्षबीच मतभेद कायम रहेकोले त्यसको असर पनि विकासीय कार्यहरुमा पर्न गएको छ। त्यती मात्र नभएर गाउँपालिकाको सानो भन्दा सानो काम पनि गरिएको तालाबन्दीका कारण प्रभावित हुन पुगेको छ। यसरी आफै आफैमा हुँदै गएको विवादका कारण सम्पूर्ण गाउँपालिकाले नै भोग्नु पर्दासमेत कसैले त्यसतर्फ मध्यस्था गर्न सकिरहेको छैन् । राजपाबाट अध्यक्ष र उपाध्यक्ष निर्वाचित जनप्रतिनिधि हुन् । पार्टीले समेत पहल गरेर अध्यक्ष र उपाध्यक्षबीचको विवाद झुल्झाउन नसक्दा अहिले सो विवादले मूर्त रुप लिँदै विकासीय कार्यदेखी जनताको अतिआवश्यक काम पनि प्रभावित बन्न पुगेको छ ।

तसर्थ यस्ता समस्याको समाधान गर्ने तर्फ सारोकारवाला निकायले ध्यान दिनु आवश्यक छ भने सक्दो चाडो गाउँपालिकामा लगाइएको ताला समेत खुलाउने पहल पनि उत्तिकै आवश्यक छ । अनि मात्र जनताको काम सहज हुने बाटो खुल्ने छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हुलाकी सडकको काम अर्को आदेश नभएसम्म रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश

**राजविराज**/राजविराज नगर क्षेत्रहुँदै निर्माण हुन लागेको हुलाकी सडकको काम अर्को आदेश नभएसम्म रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ ।

नगर बचाऊ समितिका संयोजक रामकृष्ण दासले सर्वोच्च अदालतमा समितिका तर्फबाट काली प्रसाद देव, जनार्दन देव, अनिल पेड़िवाल लगायत ६८ जनाले दर्ता गराएको रिट उपर सुनुवाई गर्दै न्यायाधिश डम्बर बहादुरले शुक्रबार सो आदेश दिएका हुन् ।

यता राजविराज नगर क्षेत्र भएर जाने हुलाकी सड़क र कुनौली-राजविराज-रुपनी सड़कको निर्माणले नगरवासी पीड़ित हुने र नगरको सौन्दर्यका साथै संरचना पनि ध्वस्त हुने भएकोले उक्त दुवै सड़कके वैकल्पिक मार्ग खोज्न भनी हुलाकी सड़क पीड़ित नगर बचाऊ समिति' गठन गरी लामो समयदेखि संघर्षमा गर्दै आइरहेका छन ।

जारि आदेशमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सहितका राजविराज नगरपालिकासहित १५ जना विपक्षीको नाममा कारण देखाउ आदेश जारी गर्दै यस क्षेत्रमा सड़क निर्माणको काम रोक्न अन्तरिम आदेश जारी गरेका हुन ।

यस्तै संयोजक दासका अनुसार विपक्षीहरुलाई २०७६ चैत ६ गते आफ्नोजवाफ सहित अदालतमा प्रस्तुत हुन समेत आदेश गरिएको छ। बहसमा निवेदकको तर्फबाट बरिष्ठ अधिवक्ता कृष्ण प्रसाद भण्डारी, अधिवक्ता सरोज प्याकुरेल, अधिवक्ता खगेन्द्र सुवेदी सहितका आधा दर्जन अधिवक्ताहरुले बहस गरेको नगर बचाउ समितिका सचिव बिनोद चन्द्र देवले काठमाण्डौबाट जानकारी दिएका छन ।

# तालाबन्दी खोलाउन पहल गर्न आग्रह

**राजविराज**/उपभोक्ता समितिले निकाशा नपाएको भन्दै सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाको लेखा शाखा तथा फागुन ११ देखि सम्पुर्ण कार्यालयमा तालाबन्दी गरिएको छ ।

सो तालाबन्दीका करण गाउँपालिका कार्यालयको सम्पूर्ण कामकाज ठप्प रहेको छ । यसैबीच राजपा नेपालका सप्तरीका उपाध्यक्ष निरज मुक्तिले प्रेस विज्ञप्ति जारि गर्दै तालावन्दीका कारण गाउँपालिका कार्यालयवाट प्रवाह हुने दैनिक काम काजहरु प्रभावित भइरहेको अवस्थामा गाउँपालिका कार्यालय, जिम्मेवार जनप्रतिनिधि, स्थानिय प्रशासन लगायतका सम्बन्धीत पक्षहरु तालावन्दी खोलाउने तर्फ पहल गर्न आग्रह गरिएको छ ।

विज्ञप्तिमा गाउँपालिकाका जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुले तालाबन्दी खोलउनेतर्फ चासो देखाई समस्या समाधान प्रति ध्यानाकर्षणका लागि अनुरोध गरिएको छ। जारि विज्ञप्तिमा कार्य सम्पादनको सन्दर्भमा देखिएका समस्या र चुनौतीहरुको निदानका निम्ती आपसी सहकार्य र समन्वयको खाँचो देखिएको परिवेशमा सम्बद्ध पक्षहरु एक अर्का माथि दोषारोपण गर्दै हिड्नु उपयुक्त नभएको जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, "कार्यालयमा रहेको तालावन्दी खोलाउनका निम्ती पहल गर्न तिलाठी कोईलाडी गाउँपालिकाका जननिर्वाचित प्रतिनिधि, जिम्मेवार कर्मचारी वर्ग, जिल्ला प्रशासन कार्यालय सप्तरी, जिल्ला समन्वय समिति लगायत सम्बन्धीत सम्पुर्ण पक्षहरुलाई गम्भीरताका साथ तदारुकता देखाउन यसै प्रेस विज्ञप्ती मार्फत हार्दिक अनुरोध गर्दछौ ।"

# जन्ती र स्थानियबीच झडपमा एक घाइते

**राजविराज**/जन्ति र स्थानियबीच डिजे बजाउने विषयमा झडप भएपछि एउटा मोटरसाइकल जलाइएको छ भने एक जना घाइते भएका छन् ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ८ स्थित तोपा बजारमा सोमाबारराती बिवाहको लागि जादै गरेको जन्ती र स्थानियबीच झडप भएको हो ।

जिल्लाको शम्भुनाथबाट हनुमाननगर जादै गरेका सिरहाको लहान नगरपालिका २४ बस्ने अमित राय राजपुतको स.१०प. ५५१६ नम्बरको मोटरसाईकल जलाइएको इलाका प्रहरी कार्यालय हनुमाननगरले जनाएको छ । सोही झडपमा जन्ती पक्षले कुटपिट गर्दा तिलाठी कोइलाडी गाउँपालिका ८ तोपा निवासी विरेन्द्र मण्डल गम्भीर भएको प्रहरीले जनाएको छ ।

घाइते मण्डललाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको प्रहरीले जनाइएको छ। यता घटना सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच कुटपिटमा घाइते भएका बिरेन्द्र मण्डललाई हेर्न राजविराज आउने क्रममा मोटरसाइकल दुर्घटना हुँदा संजित मंडल र इन्द्रजीत मण्डल घाइते भएका छन् । उनीहरु दुवै जनाको राजविराजस्थित गजेन्द्र नारायण सिँह अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# अपरिहार्य महिला शिक्षा



मौसमी कुमारी कुशवाहा

जहाँ नारीको पुजा गरिन्छ त्यहाँ देवताको बाँस हुन्छ । एउटा पुरूष शिक्षित भयो भने एउटा व्यक्ति शिक्षित हुन्छ तर एउटा महिला शिक्षित भयो भने सिङ्गो पिँढी नै शिक्षित हुन पुग्छ । इतिहास साक्षी छ, हरेक सफल व्यक्तिको पछाडि एउटा महिलाको हात हुन्छ । अरूको कुरा के गरौं आज जुन मेरो अस्तित्व छ जुन ठाउँमा म पुगेको छु त्यो सम्पूर्ण मेरी ममताकी सागर करूणामयी आमाकै देन हो । तसर्थ एउटा महिला परिवारको, समाजको र सिङ्गो राष्ट्रकै अपरिहार्य पाटोको रूपमा रहेको हुन्छ ।

बिडम्बना विश्वका कतिपय ठाउँमा अहिले पनि महिलालाई सामाजिक र पारिवारिक दृष्टिले अभिशापको रूपमा हेर्दछन् । यस्तो पुरूषप्रधान देशको समाजको नाकारात्मक र हिनतापूर्ण सोच रहेछ कि पुरूषको तुलनामा महिला शक्तिशाली हुँदैन । महिलालाई शक्ति, पूर्ण अधिकार र स्वतन्त्रता दिइयो भने पुरूषको आधिपत्यमाथि खतरा आउन सक्छ ।

जन्मसँगै हरेक जीव आन्तरिक शक्ति लिएर जन्मन्छन् तर त्यो आन्तरिक शक्तिलाई पारिवारिक वातावरणले प्रभाव पार्दछ । हाम्रै समाजमा कतिपय महिलाको आन्तरिक शक्ति पारिवारिक डर, सङ्कीर्ण सोचले दबिन पुग्छ । यस्ता समस्या हुँदाहुँदै पनि शिक्षाको प्रकाश जसमाथि पऱ्यो त्यो बीजरूपी महिला उम्रन पुग्छ । यदि शिक्षाको प्रकाश महिलासम्म पुग्यो भने हरेक महिला आत्मनिर्भर र स्वावलम्बी भई प्रज्वलित हुनेछ । हरेक दिन सयौं निर्दोष कन्याको भ्रूण हत्या हुनेछैन ।

सामाजमा महिला हिंसा, हत्या, शोषण, बलात्कार, मानसिक द्वन्द्व, दु:ख, पीडासम्मका समस्यामा न्यूनीकरण हुनसक्छ । सदियौँदेखि चल्दै आएको दाइजो प्रथा, घुँघटो प्रथा, छाउडी प्रथा, देवकी प्रथा, विधवा प्रथा जस्ता अन्धविश्वासले गर्दा हरेक महिलाको अस्तित्व बल्भिmएको छ । हाम्रो पुरूषप्रधान देशमा निर्दोष महिलाको स्वच्छ भावनासँग, उनीहरूको निरीह आँखाले देखेको सपना, रगतको एक(एक थोपा, अस्तित्व, स्वभिमान र आत्मसम्मानसँग हामी थोपारिएको प्रथा मनाउने गरेका छौं । महिलाका यी सम्पूर्ण नाद बिनाको रूदन, कथा(व्याथा र पीडालाई मात्र शिक्षाकै शङ्खनादले गुञ्जायमान गराउन सकिन्छ ।

तराई भेगका समाजमा व्यापत दाइजो प्रथा एक कुप्रथा क्यान्सर जस्तै चर्किएको घाउ हो । यसको प्रभाव कम हुनुका सट्टा दिन प्रतिदिन यसको स्वरूप झन् बल्भिँदै गएको छ । पहिला बाजी समाजसम्म सीमित रहेपनि वर्तमान समयमा मुस्लिम, पहाडीलगायत थारू समाजसम्म सल्किँदै गएको छ । तसर्थ यो कुप्रथाबाट बिकृत समाजलाई प्रभावमुक्त गर्न आमाबुबालाई कन्यादान नगरि शिक्षादान गर्ने उद्देश्यका साथै आफ्नो कर्तव्य सम्भिmनु पर्दछ । साथै शिक्षाको माध्यमले नै बेटी बचाउ, बेटी पढाउ, बेटीलाई आत्मनिर्भर बनाउ भन्ने नाराका साथ अघि बढ्नु पर्दछ ।

वि.स. २०७२ को जनगनणाअनुसार पुरूष ७५ प्रतिशत शिक्षित भएपनि महिला जम्मा ३५ प्रतिशत तथ्याङ्क देखियो । दिएको तथ्याङ्कलाई मध्ये नजर गर्ने हो भने पुरूषको तुलनामा महिला ५० प्रतिशत नै शिक्षित देखियो । वि.स.२०७२ का संविधान अनुसार महिलालाई शत प्रतिशतमध्ये कानूनी रूपमा जम्मा ३३ प्रतिशत अधिकार दिएको भएपनि हम्रो पुरूषप्रधान समाजमा महिला अधिकार नाममै सीमित रहेको छ ।

जबसम्म महिला शिक्षित हुँदैनन् तबसम्म महिला कमजोर नै रहन्छन् । हाम्रो आँखा अगाडिको हृदयविदारक घटना हो एउटा निर्दोष बालिका निर्मलाको बलात्कार गरी निर्मम विभत्स हत्या भएको देखियो । तर, दु:खको कुरा अहिलेसम्म न्याय पाउन सकेन । यस्तो समाजमा त्यो शिक्षाको त्यो पुरूषत्वको के अर्थ ? आज पनि शिक्षाका अभावमा पहाडभन्दा तराईका महिलाहरू किल्चिएकै छन् ।

विशेषगरी तराई मूलमा प्रेमलाई स्वतन्त्र रूपमा स्विकार नगर्ने भएको कारण मधेशका छोरीहरू अहिले पनि शिक्षाबाट बञ्चित रहेका छन् । जातपातको भेदभावले गर्दा, अर्को जातसँग छोरी प्रेम गऱ्यो भने आमाबुबाको इज्जत, मानसम्मान माटोमा मिसिन्छ, नाक काटिन्छ भन्ने सङ्कीर्ण सोचले गर्दा घर बाहिर शिक्षा प्राप्तिका लागि पनि बन्देज लगाइएको छ ।

यी सम्पूर्ण समस्याको निवारण जबसम्म महिला शिक्षित हुँदैनन् तबसम्म परिवर्तन हुँदैन । एक समयमै एउटा महिला विभिन्न भूमिका निर्वाह गरेकी हुन्छिन् । एउटै महिला आमा बनि छोराछोरीलाई शिक्षित बनाउँछिन् । दिदी बनी भाईबहिनीको मार्गदर्शक बन्छिन् । बुहारी बनी सासुससुराको सहारा बन्छिन् । स्वास्नी बनी श्रीमान्को काँधमा काँध मिलाएर हिड्छिन् । एउटा प्रगतिशील घर, समाज, राष्ट्र हुनका लागि महिला शिक्षा एक अनिवार्य पाटोको रूपमा रहेको हुन्छ ।

यदि हामी सुनौला भविष्य चाहिरहेका छौं भने महिला शिक्षामा जोड दिनु पर्दछ । भर्खर जन्मेका शिशुलाई कुन समयमा खाना, कति पोषण, कस्तो वाणी व्यवहार, कस्तो शिक्षा दिइने सम्पूर्ण कुराको ध्यान महिलालाई नै हुन्छ । यदि कुनै बच्चाको वर्तमान उज्यालो भएन भने भविष्य अन्धयारो हुन पुग्छ ।

एउटा घरबाट समाज, समाजबाट राष्ट्र बन्छ यदि घर नै शिक्षित भएन भने न समाज न राष्ट्र शिक्षित हुन्छ । अशिक्षाको कारण विभिन्न किसिमका विकृति विसङ्गतिको जरो बन्न पुग्छ र त्यसको असर सिङ्गो परिवार, समाज हुँदै राष्ट्रसम्म पर्छ । महिला र पुरूष एक रथका दुई पाङ्ग्रा हुन्छन् । एउटा पाङ्ग्रा भएन भने त्यो रथ लङ्गडो जस्तै हो । जुन समाजमा महिला शिक्षित छैन त्यो समाज पनि लङ्डो नै हो ।

तसर्थ एउटा महिला शिक्षित भयो भने सिङ्गो परिवार, समाज हुँदै राष्ट्रलाई परिवर्तनको मार्गमा लम्काउन सकिन्छ । विश्वको विकसित राष्ट्रहरूलाई पनि मध्यनजर गर्ने हो भने पुरूषको तुलनामा महिलाहरू पनि शिक्षामा अगाडि रहेको देखिन्छन् । कदममा कदम मिलाएर हिंडेका छन्, काँधमा काँध मिलाएर उभेका छन् ।

भर्खरको घटना हो अमेरीकाकी वैज्ञानिक कीस्टिनाले आन्तरिक्षको सबभन्दा लामो यात्री बनी इतिहास बदलेकी छिन् । विदेशीबाट पनि केही सिकेर हामी परिवर्तनको मार्गमा हिंडौं । आफ्नो राष्ट्रलाई विश्व अगाडि चिनाउनु छ भने महिलालाई अभिशापको रूपमा नहेरि वरदानको रूपमा हेरौं । (मधेश दर्पण फिचर सेवा)

## जिल्ला प्रशासन र नगरपालिकाद्वारा अनुरोध

**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरी र राजविराज नगरपालिकाले विश्वभर फैलिरहेको नोभेल कोरोना भाइरसको संक्रमणबाट बच्न नगर तथा जिल्लावासीसँग अनुरोध गरेको छ ।

जिप्रका सप्तरीका प्रशासकीय अधिकृत जनार्दन कट्टेलद्वारा जारि सूचनामा विभिन्न सामाजिक कार्यहरुका लागि ठूलो जमघट नगर्न नगराउन अनुरोध गरिएको छ ।

यस्तै घर परिवार र समाजमा अनिवार्य रुपमा गर्नु पर्ने विभिन्न किसिमका सामाजिक कार्यहरु विवाह, ब्रतबन्ध, छेका, मुण्डनलगायतका कार्यमा ठूलो भोजभतेर तथा अनावश्यक तडकभडक नगरि सामान्य रुपमा गर्न अनुरोध गरिएको छ ।

यता विद्यालय, मठ, मन्दिर, मस्जिद, अस्पताल तथा सार्वजनिक स्थलहरुमा ध्वनी प्रदुषण हुने गरि लाउड स्पीकर तथा बाजा नबजाउन तथा ठूलो स्वरमा डिजे नबजाउन सूचनामार्फत अनुरोध गरिएको छ ।

यसैगरि राजविराज नगरपालिका प्रमुख शम्भुप्रसाद यादवद्वारा बिहीबारै जारि सूचनामा चीनबाट फैलिइएको नोभेल कोरोना भाइरसका कारण असर पर्ने भएकोले नगरवासीलाई सतर्कता अपनाउन आग्रह गरिएको छ ।

जारि सूचनामा सामुहिक कार्यक्रम, भोजभतेर नगर्न आग्रह गर्दै कोरोनाका कारण सामान्य रुघाखोकीदेखी गम्भिर प्रकारको तिब्र स्वासप्रस्वास संक्रमणसम्म गराउन सक्ने हुनाले सतर्कता अपनाउन अपिल गरिएको हो ।

सो सूचनामा प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, १ सय ४ डिग्रि माथी ज्वरो आएमा, घाँटी/टाउको दुखेमा र स्वाशप्रस्वासमा अत्याधिक समस्या आएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

त्यस्तै कोरोना भाइरसबाट बच्न र बचाउन नियमित साबुन पानीले हात धुने, खोक्दा र हाछ्यु गर्दा नाक र मुख छोप्ने, फ्लु जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने, फ्लु जस्तो लक्षण देखाउने जो कोहीसँग टाढा रहने, जंगली तथा घरपालुवा, पशुपंक्षिसँग असुरक्षित सम्पर्कबाट टाढा रहने, पशुजन्य मासु तथा अण्डा राम्रोसँग पकाएर मात्र खाने र मास्क तथा पन्जाको प्रयोग गर्न सल्लाह दिइएको छ ।

## राजविराजमा चिल्ड्रेन पार्क बन्दै

**राजविराज**/राजबिराज नगरपालिका वडा नं. १ स्थित पडरियामा चिल्ड्रेन पार्क (बाल उधान) निर्माण हुने भएको छ ।

संघिय सरकारको ९ करोडको लागतमा निर्माण हुन लागेको चिल्ड्रेन पार्क २६ कट्ठा जग्गामा निर्माण हुन लागेको हो ।

पर्खालसहित निर्माण हुने बाल उधानमा बगैचा, बिभिन्न खेलकुदका सामाग्री र साधन, सोलार, खानेपानी, शौचालय, आरामदायिक कुर्सी लगायत अन्य बिभिन्न सुबिधा उपलब्ध रहने राजविराज नगरपालिकाले जनाएको छ ।

एक वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको सो बाल उधान निर्माण कार्यको ठेक्का पाएका रसुवारोशन जेबि कन्ट्रक्सनले काम सुरु गरिसकेको छ ।

यसैबीच बिहीबार एक कार्यक्रमबीच राजबिराज नगरपालिका प्रमुख शमभु प्रसाद यादब, उपप्रमुख साधना झा र वडा अध्यक्ष चन्द्रशेखर चौधरीले संयुक्त रुपमा भवनको शिलान्यास गरेका छन ।



# केजरीवालको नेपाल तरंग



**निमिष झा**

भारतको राजधानी दिल्लीको विधानसभा निर्वाचनमा आम आदमी पार्टी (आप) ले सानदार जित हाँसिल गरेको छ। दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले आफ्नो अर्को कार्यकाल पुनः सुरक्षित गरेपछि दक्षिण एसियामै सानो र नयाँ दलको प्रभावका बारेमा विभिन्न कोणबाट बहस अघि बढेको छ। दिल्लीका मतदाताले उल्लेख्य रूपमा किन उदाउँदै गरेको पार्टीलाई साथ दिए भन्ने विषयमा आम बहस चलेको छ। मुलुकको नेतृत्व गरिरहेको दलले केन्द्रमा कुनै चमत्कार गर्न नसकेको आम बुझाइ रहँदा नै आपले जनताका साथ पाएको हो।

यो परिणामले केन्द्रको सत्तारूढ बीजेपीलाई ठूलो धक्का मात्र दिएन, परम्परागत शक्ति मानिएको कांग्रेसलाई दिल्लीबाट 'क्लिन स्विप' नै गरिदिएको छ। बीजेपीले दिल्लीमा थप पाँच सिट जितेको भए पनि अझै ७० मध्ये उसको पकडमा जम्मा आठवटा मात्रै छन। बाँकी सबै आम आदमी पार्टीले जितेको हो। दिल्लीमा उनको यो जित दक्षिण एसियाका लागि ठूलो सन्देश पनि हो। पछिल्लो मतपरिणाम आधारमा आप दुई तिहाइभन्दा बढी स्थानमा विजय हासिल गरी दिल्ली सरकार नेतृत्व गर्ने अवस्थामा आइपुगेको छ। आपका प्रमुख केजरीवालले तेस्रोपटक मुख्यमन्त्रीका रूपमा दिल्ली सरकार नेतृत्व गर्ने अवसर पाउँदै छन्।

५१ वर्षीय पूर्वकर्मचारी केजरीवाल भ्रष्टाचारविरोधी अभियान गर्दै राजनीतिमा उदाएका थिए। उनी सत्तामा रहेर पनि त्यो कर्ममा लागिरहेको सन्देशकै कारण दिल्लीका आम जनताले उनलाई सत्तामा राख्न मन पराएको विश्लेषण गरिएको छ। उनी पहिलो पटक सन् २०१३ मा मुख्यमन्त्री बनेका थिए र त्यसपछि सन् २०१५ मा भारी मतसहित पुनः निर्वाचित भए। भारतका सरकारी विद्यालयमा सुधार ल्याएको, प्रहरी फौजको नियन्त्रण र जग्गासम्बन्धी अधिकारका लागि लडिरहनुका साथै सुलभ क्लिनिकहरू बनाएको र सस्तोमा पानी र बिजुली उपलब्ध गराउँदै आएको विषयले उनलाई पुनः त्यहाँ राखिरहन जनता अग्रसर भएको देखिन्छ। दिल्लीको यो निर्वाचनमा स्थानीय राजनीतिलाई राष्ट्रिय राजनीतिक एजेन्डाद्वारा प्रभावित गर्ने भाजपाको प्रयासलाई दिल्लीवासीले अस्वीकार गरेका छन्। स्थानीय नागरिकका मुद्दा सम्बोधन गरेका कारण मतदाताले आपलाई उल्लेख्य मत दिएर पुनः सरकार निर्माण गर्ने अवसर उपलब्ध गराएका हुन्।

आपलाई सुरूका दिनमा केही असजिलो भए पनि उसले आफूले गरेका प्रतिबद्धता पूरा गरेको छ। अझ केन्द्रमा शासन गरिरहेको भाजपा सरकारले दिल्ली सरकारलाई असहज स्थिति पैदा नगरेको होइन। तर यति हुँदाहुँदै पनि आफ्नो स्रोत/साधन र क्षमता प्रयोग गरेको देखिन्छ।

नागरिकको हृदयमा बास गर्ने हो भने समर्पण र इमान्दारिता आवश्यक हुन्छ। निर्वाचनका बेला गरेका प्रतिबद्धता पूरा गर्ने दललाई आम नागरिकले अर्कोपटक पनि समर्थन गरिहाल्छन्।

**दिल्लीको तरंग नेपालमा**

नेपालमा केजरीवालको चुनावी विजयले नेपालको राजनीतिलाई पनि तरंगित गरेको छ। केजरीवालको तेस्रो पटकको पुनरागमनले नेपालका राजनीतिक दललाई गतिलो सन्देश दिएको छ।

नेपालका राजनीतिक दलहरूले समेत आपको यो सफलताबाट केही शिक्षा लिन सक्छन्। नेपालका प्रमुख दलप्रति व्यापक गुनासो भइरहे पनि तिनैलाई निर्वाचनमा मत दिनुको विकल्प देखिएको छैन। वैकल्पिक राजनीतिका निम्ति अग्रसर दलले समेत आम विश्वास प्राप्त गर्न नसकेको स्थिति छ। आपको सफलताबाट बुझ्नुपर्ने पहिलो कुरा के हो भने स्थानीय स्तरमा उठेका मुद्दा सम्बोधन गर्ने दल सफल हुन सक्छन्। आपले दिल्लीका बासिन्दालाई किन यसपटक पनि उम्मेदवार बन्न लागेको भन्ने बुझाउन हजारौं स्वयंसेवक परिचालन गरेको थियो। साथै उसले आफू यथास्थितिवादविरूद्ध रहेको सन्देश आम रूपमा दिएको थियो। स्थानीय नागरिकका दैनिक समस्यामा ध्यान दिने हो भने निःसन्देह निर्वाचनमा मतदाताको ध्यानाकर्षण गर्न सकिन्छ।

ठूलठूला गफभन्दा स्थानीय नागरिकका ससाना समस्या समाधान गर्न सक्ने कुनै पनि दल मतदाताको प्रिय बन्न सफल हुन सक्छन्। सेवाप्रवाह नगर्ने, भ्रष्टाचार मात्र गर्ने दलहरू जनताबीच धेरै दिन टिक्दैनन् भन्ने सन्देश पनि हो आपको विजय। यद्यपि नेपालको सन्दर्भमा फलानो दलले राम्रो गर्ला कि भन्ने आशैआशामा चुनावमा सहभागी हुँदै गए। जिताएर पठायो, फेरि उस्तै। जुनसुकै दल पनि जनतालाई सेवा प्रवाह गर्नमा चुक्दै आएका छन्। दलहरूमा 'पाँच वर्षपछि देखा जाएगा' भन्ने प्रवृत्तिका कारण जनतामा घोर निराशा उत्पन्न गराएको छ। जसले अन्ततः दलहरूका लागि नै प्रत्युत्पादक बन्दै गएको छ।

नेपालमा पनि विवेकशील नेपाली र साझाजस्ता दलले आफूलाई वैकल्पिक राजनीतिक शक्तिका रूपमा अग्रसर गराइरहेका छन्। पछिल्लो समयमा सिके राउतको जनमत पार्टी सहित मधेशी दलहरू पनि वैकल्पिक शक्तिको रूपमा आफूलाई उभ्याएका छन्। तर उनीहरूले वैकल्पिक राजनीति सम्भव छ भन्ने सन्देश दिन सकियो भने विद्यमान ठूला दल पनि आफूलाई सुधार गर्न बाध्य हुनेछन्। *(मधेश दर्पण फिचर सेवा)*


## शिलबन्दी कोटेशन आह्वान सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६/११/२२ गते**

सबल नेपाल बि.सं. २०६२ मा सप्तरी जिल्लामा स्थापना भएको एक अगुवा गैर सरकारी संस्था हो। स्थापना कालदेखि नै सबल नेपालले सामाजिक क्षेत्रमा सक्रिय रुपमा कार्य गर्दै आईरहेको सर्व बिद्धितै छ। हाल सबल नेपालद्धारा सेभ द चिल्ड्रेनसंगको साझेदारीमा संचालित समुन्नति कार्यक्रम अर्न्तगत उल्लेखित सामाग्रिहरुको आवश्यक्ता रहेकोले तल उल्लेखित शर्तहरुको अधिनस्त रहने गरि ईच्छुक आपुर्ती कर्ता (थोक तथा खुद्रा बिक्रेता) हरुबाट शिलबन्दि दरखास्त आह्वानको लागि यो १० दिने सुचना प्रकासित गरिएको छ।

**शर्तहरु :**

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि १० औं दिनको कार्यालय समयभित्र सम्बन्धित संस्थाले उपलब्ध गराएको फारम भरी यस संस्थांको खरिद फाँटमा रितपूर्वक सिलबन्दि बोलपत्र दर्ता गराई सक्नु पर्नेछ।

| बोलपत्र नं. | सामाग्रीको विवरण | परिमाण | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|
| Sabal Nepal ०२-२०७६/७७ | कार्यालय तथा कार्यकम मसलन्द स्टेशनरी | आवश्यक्ता अनुसार २ वर्षको लागी | सिलबन्दी दर्ता |
| | कार्यक्रमको लागि खाजा | | |
| | (सम्बन्धित कार्यक्षेत्रमा) | | |
| | हार्डवेयर | | |
| | प्रिंटिङ्ग (फलेक्स, प्रमाणपत्र, किताब) | | |

२. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १० औं दिन दिनको ५:०० बजेभित्र यस सस्थामा आवश्यक सम्पूर्ण कागजात सहित सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। सो दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिनको ५:०० बजेभित्र दर्ता गराई सक्नु पर्नेछ। सो समयावधी पश्चात् प्राप्त सिलबन्दी बोलपत्र स्वतः बदर ठहरिने छ।

३. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १२ औं दिन (२०७६/१२/०३ गते सोमवार) दिनको ११.०० बजे खरिद समिति, उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. सिलबन्दी बोलपत्रकासाथ देहाय बमोजिमको कागजातहरू पेश गर्नुपर्नेछ।
   (क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
   (ख) मूल्य अभिवृद्धि कर वा पान दर्ता प्रमाण(पत्रको प्रतिलिपि।
   (ग) आ.व.२०७५/७६ सम्मको कर चुक्ता प्रमाण(पत्रको प्रतिलिपि वा कर दाखिला प्रमाणपत्रको प्रतिलिपि।

५. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर सस्थांले "प्रदान गर्ने सेवाको नाम तथा संस्थाको नाम स्पष्टसंग उल्लेख गर्नुपर्ने छ।

६. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र सरकारी कार्यालय लगायत अन्य संघ/संस्थाहरुमा सेवा प्रदान गर्दै आईरहेको तथा बाल सुरक्षा नीति अवलम्वन गरेकालाई विशेष ग्राहयता दिइनेछ।

७. यस सिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय संस्थाको खरिद समितिमा निहित रहनेछ।

८. यस शिलबन्दि बोल पत्र सम्बन्धि बिस्तृत बिबरण कार्यालय समय भित्र संस्थाको सम्बन्धित शाखामा सम्पर्क राख्न सकिनेछ र निर्माण सम्बन्धि सामाग्रीहरुको Quotation फारम संस्थामा निशुल्क उपलब्ध गराईनेछ वा संस्थाको वेभसाईटबाट Download गर्न सकिनेछ।

**बिस्तृत जानकारी तथा प्रस्तावन पेश गर्ने सम्पर्क ठेगाना :**

**सबल नेपाल**

मुख्य कार्यालय, राजबिराज -१, सप्तरी

**वा**

**सबल नेपाल**

फिल्ड कार्यालय, कल्याणपुर, खडक नगरपालिका

इमेल : **procurementsabal@gmail.com**

(नोट : यो सुचना यस संस्थाको वेब पेज **www.sabalnepal.org.np** मा पनी हेर्न सकिनेछ।)


# स्वास्थ्य चौकीलाई निशुल्क औषधी प्रदान

**राजविराज**/विगत ६ महिनादेखी स्वास्थ्य चौकीमा औषधी अभाव भएपछि सप्तरीको एक सामाजिक संस्थाले निशुल्क औषधी प्रदान गरेको छ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. १ बरही विरपुरस्थित स्वास्थ्य चौकीमा ६ महिनादेखी औषधी अभाव रहेको छ। उक्त स्वास्थ्य चौकीमा चालु आ.ब.को साउन महिनादेखी बजेट निकासा नहुँदा औषधीको अभाव भएको हो।

स्थानियहरुलाई बिरामी पर्दा सहज रुपमा निशुल्क औषधी उपलब्ध होस् भन्ने उद्देश्यले धर्मी हल्फा महिला विकास क्लब नामक संस्थाले स्वास्थ्य चौकीमा निशुल्क औषधी प्रदान गरेको क्लबका अध्यक्ष एवं समाजसेवी ई सूर्यनारायण यादवले जानकारी दिएका छन्।

संस्थाले जिवनजल ३ सय प्याकेट, एक हजार पिस सिटोफेन लगायतका औषधी प्रदान गरेको स्वास्थ्य चौकी प्रमुख सरिता झाले बताइन्।

यसैबीच सोही स्वास्थ्य चौकीमा ४० वर्षदेखी अहेब पदमा कार्यरत सुरेन्द्र मिश्र र स्वास्थ्य चौकी प्रमुख झालाई क्लबका अध्यक्ष ई. यादवले दोसल्ला ओढाई सम्मान समेत गरेका छन्।

सोही कार्यक्रममा ९ जना महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मान गर्दै उपहार स्वारुप एक एक थान थाल प्रदान समेत गरिएको छ।

आयोजित कार्यक्रममा वडा अध्यक्ष बिनोद कुमार यादव, छिन्नमस्ता गाउँपालिका स्वास्थ्य शाखा प्रमुख मदनेश्वर प्रसाद चौधरी, स्वास्थ्य चौकी लालापट्टीका प्रमुख बालकुमार यादव, स्वास्थ्य चौकी सखडाका शुसिल मण्डल लगायत स्वास्थ्य चौकीमा कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# प्रत्येक स्थानिय तहमा खेलग्राम तथा खेलमैदान बनाउने योजना

**राजविराज**/यूवा तथा खेलकुद मन्त्री जगत बहादुर विश्वकर्माले वर्तमान सरकारको प्रत्येक स्थानिय तहमा खेलग्राम तथा खेलमैदान बनाउने योजना रहेको बताएका छन्।

स्व. लोकेन्द्र श्रेष्ठ स्मृति ७ औं राष्ट्रियव्यापी जुडो प्रतियोगिताको मंगलबार समापन तथा पुरस्कार बितरण समारोहलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री विश्वकर्माले वर्तमान सरकारले खेलकुदको विकासका लागि गाउँ गाउँमा खेल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको बताउँदै ७ सय ५३ नगर र गाउँपालिकामा १/१ खेलग्राम तथा एक वडा एक खेल मैदानलगायतका कार्यक्रम मार्फत खेलकुदको योजना बनाएको जानकारी दिए।

देशका लागि आवश्यक राष्ट्रिय अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादनका लागि सरकारले सातै प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण समेत गर्न लागिपरेको बताए।

खेल क्षेत्रको विकासका लागि पूर्वाधार नै पहिलो आवश्यकता रहेकोमा जोड दिँदै उनले सरकार सोही अनुसार अघि बढेको जिकिर समेत गरे।

उनले राजविराजस्थित जिर्ण रहेको राजरंगशालाको पनि छिट्टै मर्मत सम्भार गरिने प्रतिबद्धता पनि जनाए।

# नपा परिसर भित्र स्तनपान कक्ष निर्माण

**राजविराज**/राजविराज नगरपालिका कार्यालय परिसरमै पहिलो पटक स्तनपान कक्षको निर्माण गरिएको छ।

राजविराज नगरपालिका प्रमुख शम्भु प्रसाद यादवले महिला सेवाग्राहीलाई सार्वजनिक स्थलमा स्तनपान गराउन असहज हुने भएकोले सो स्तनपान कक्षको निमार्ण गरिएको जानकारी दिएका छन्।

उनले भने, "विभिन्न काम विशेषले शिशु बोकेर आउने महिला सेवाग्रहीहरुलाई खुल्ला ठाउँमा स्तनपान गराउन असहज हुन्छ त्यसैले एउटा निश्चित स्थान तोकेर स्तनपान कक्ष निर्माण गरियो।"

त्यस्तै उपप्रमुख साधाना झाले महिलाहरुलाई सार्वजनिक स्थानमा स्तनपान गराउन निकै अप्ठ्यारो हुने भएकोले सो समस्या समाधान गर्न यस्तो उपाय निकालेको बताईन।

निर्माण गरिएको स्तनपान कक्षमा हात धुने, बच्चा सुताउने सुविधा समेत रहेको छ।

# जुडोमा विभागिय टिमको वर्चश्व

**राजविराज**/राजविराजमा सम्पन्न स्व. लोकेन्द्र श्रेष्ठ स्मृती सातौं राष्ट्रिय जुडो प्रतियोगितामा विगत झैं यस पटक पनि विभागिय टिमले वर्चश्व कायम गरेको छ ।

जिल्ला जुडो संघ सप्तरीको आयोजना तथा नेपाल जुडो संघको प्राविधिक सहयोगमा संचालित प्रतियोगितामा ९ स्वर्ण जित्दै नेपाल प्रहरी प्रथम भएको छ ।

यस्तै ५ स्वर्ण जितेर नेपाली सेना दोश्रो र २ रजत हात पार्दै बाँके तृतीय भएका छन् ।

माघ १९ र २० गते दुई दिनसम्म संचालित उक्त प्रतियोगितामा तीन विभागिय टिम नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीसहित विभिन्न जिल्लाका गरि २५ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगिता सम्पन्न पश्चात् नेपाल जुडो संघका उपाध्यक्ष पियुस श्रेष्ठको अध्यक्षतामा आयोजित समापन तथा पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि यूवा तथा खेलकुद मन्त्री जगत बहादुर विश्वकर्मा, प्रतिनिधि सभा सदस्य सरिता गिरी, प्रदेश सभा सदस्यद्वय मनिष सुमन, गोबिन्द न्यौपाने, नेपाल जुडो संघका अध्यक्ष दिपकहर्ष बज्राचार्य, नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादव, जिल्ला जुडो संघका महासचिव नवनित झा लगायतले बिजेता खेलाडीहरुलाई मेडल तथा प्रमाणपत्र प्रदान गरे ।

सो अवसरमा यूवा तथा खेलकुद मन्त्री विश्वकर्मालाई १३ औं दक्षिण ऐसियाली खेलकुदको सफल आयोजना तथा नेपाललाई एतिहासिक सफलता दिलाउन योगदान पुऱ्याए वापत आयोजकका तर्फबाट कदरपत्र तथा दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## अन्तर्राष्ट्रिय समाचार

### कोरोना संक्रमितको संख्या एक लाख बढी, मृत्यु हुने तीन हजार ५ सय

**वासिङ्टन**/विश्वका विभिन्न देशमा समेत गरी कोरोना भाइरसका सङ्क्रमितको सङ्ख्या एक लाख नाघेको शनिबार प्राप्त एक समाचारमा जनाइएको छ । संयुक्त राज्य अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयले प्रकाशन गरेको तथ्याङ्कअनुसार यस भाइरसको प्रकोपबाट सङ्क्रमित हुने व्यक्तिको सङ्ख्या एक लाख ११३ पुगेको छ ।

उक्त विश्वविद्यालयको तथ्याङ्कअनुसार यस प्रकोपबाट सङ्क्रमितमध्ये अधिकांश चीनमा नै रहेको बताइएको छ । चीनमा मात्र यसका सङ्क्रमित करिब ८० हजारजना रहेको उक्त विश्वविद्यालयले प्रकाशन गरेको पछिल्लो तथ्याङ्कमा उल्लेख गरिएको छ ।

विश्वभर हाल कोरोना सङ्क्रमितहरु एक लाखभन्दा बढी पुगेको समाचार विभिन्न सञ्चारमाध्यमले दिएका छन् । गत डिसेम्बरको अन्त्यबाट चीनको हुबेई प्रान्तको उहान शहरबाट शुरु भएको यस कोरोना भाइरस सङ्क्रमणबाट चीनमा मात्र तीन हजारभन्दा बढीको मृत्यु भएको छ ।

अधिकारीहरुले विभिन्न देशबाट जारी गरेका सूचनाहरुको अध्ययनमा यस भाइरसको सङ्क्रमणबाट ज्यान जाने व्यक्तिको सङ्ख्या शनिबारसम्म तीन हजार ५०० नाघेको छ । यस भाइरसको सङ्क्रमण ९२ वटा देशमा फैलिएको छ ।

कोरोनाकै कारण दक्षिण कोरियामा हालसम्म ४४ जनाको मृत्यु भइसकेको छ । त्यसैगरी छ हजार ७६७ जनामा कोरोना सङ्क्रमण देखिएको शनिबार जनाइएको छ ।

कोरोना भाइरसबाट इटालीमा १९७ जनाको ज्यान गएको शनिबार प्राप्त एक समाचारमा जनाइएको छ । त्यहाँ बिहीबार र शुक्रबार गरी करिब ९० जनाको मृत्यु भएपछि मृतकको सङ्ख्या बढेर १९७ पुगेको बताइएको छ । त्यसैगरी गरी इटालीमा तीन हजार ९१६ जनामा यस रोगको सङ्क्रमण भएको पाइएको छ ।

इटालीका विभिन्न २२ वटा शहरमा यसको प्रकोप देखिएको छ । इटालीले देशैभरिका विद्यालय, विश्वविद्यालय बन्द गराएको छ । सरकारले यो भाइरसको नियन्त्रणका विभिन्न कार्यक्रम घोषणा गरी कार्यान्वयन गराएको छ । उता संयुक्तराज्य अमेरिकाको फ्लोरिडामा यस प्राणघातक कोरोना जीवाणु (भाइरस) का कारण दुई व्यक्तिको मृत्यु भएपछि यहाँ पनि यस भाइरसबाट शिकार हुनेको सङ्ख्या १६ पुगेको बताइएको छ । संयुक्त राज्य अमेरिकामा २०० सयभन्दा बढी व्यक्तिमा यस भाइरसको सङ्क्रमण देखिएको छ ।

यस भाइरसको प्रकोपबाट स्पेनमा पनि पाँचजनाको ज्यान गएको छ । शुक्रबार प्राप्त भएको एक समाचारमा त्यहाँ पाँचको मृत्यु भएको हो । शुक्रबार प्राप्त भएको एक समाचारमा त्यहाँ यस प्रकोपबाट एकजनाको ज्यान गएको र त्यससँगै यसबाट ज्यान जानेको सङ्ख्या पाँच पुगेको हो ।

स्पेनका स्वास्थ्य अधिकारीहरुले यस भाइरसबाट सङ्क्रमित हुने व्यक्तिको सङ्ख्या ३६५ पुगेको छ । यहाँ पनि दिन प्रतिदिन यसका सङ्क्रमितहरुको सङ्ख्या बढ्दै गएको छ । स्पेनको म्याड्रिड शहरमा नै यसका सङ्क्रमित भेटिएका छन् । स्पेनका स्वास्थ्य अधिकारीहरुले बिहीबार मात्र त्यहाँ १०२ जना नयाँ सङ्क्रमित भेटिएका हुन् ।

राजधानी म्याड्रिड शहरमा शुक्रबारसम्म १३७ वटा यस भाइरसका सङ्क्रमितहरु उपचारमा रहेका छन् । उक्त शहरमा गएरातिसम्म २४ घण्टाभित्रै दुई जनाको ज्यान गएको छ ।

ती दुईमध्ये एकजना ९९ वर्षीया महिला र अर्का ७६ वर्षीय वृद्ध रहेका छन् । यहाँका अधिकारीहरुले पनि यो भाइरसले बढीजसो वृद्धवृद्धाहरुलाई शिकार बनाउने गरेको अनुभव बताएका छन् । यसैगरी प्राप्त समाचारमा यो भाइरसको सङ्क्रमण नेदरल्यान्डसमा पनि देखिएको छ । नेदरल्यान्डसमा यसको प्रकोपबाट एकजना वृद्धको ज्यान गएको त्यहाँका स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन् ।

उनीहरुका अनुसार शुक्रबार मात्र नेदरल्यान्डसमा यस भाइरसबाट एकजना ८६ वर्षीय वृद्धको ज्यान गएको छ । रोटेड्यामस्थित इकाजेआ अस्पतालमा उपचार गराइरहेका उनको शुक्रबार मृत्यु भएको अधिकारीहरुले जानकारी दिएका छन् । नेदरल्यान्डसमा यो भाइरसको प्रकोपबाट ज्यान जानेमा उनी नै पहिलो व्यक्ति भएको अधिकारीहरुले जानकारी दिएका छन् । शुक्रबार मात्र यहाँ ८२ जना कोरोना भइरसका सङ्क्रमित रहेको पाइएकामा त्यो सङ्ख्या बढेर शनिबार नै १२८ पुगेको पनि बताइएको छ । यसका कारण यहाँको सरकारले विशेष सतर्कता अपनाएको पनि जनाएको छ । यसैबीच इरानबाट प्राप्त भएको पछिल्लो समाचारमा त्यहाँ यसको प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या १२४ पुगेको छ । इरानी सरकारले शुक्रबार मात्र १७ जनाको ज्यान गएको घोषणा गरेको हो । योसँगै यस भाइरसबाट मृत्यु हुनेको सङ्ख्या १२४ पुगेको हो ।

इरानको स्वास्थ्य मन्त्रालयका प्रवक्ताले यो सङ्क्रमणबाट शुक्रबार साँझसम्ममा चार हजार ७४४ जना संङ्क्रमित रहेका छन् । यहाँ हरेक दिन नयाँ नयाँ सङ्क्रमित थपिँदै गएका बताइएको छ । यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार केही दिनमात्र यता यहाँ एक हजार २३४ जना नयाँ सङ्क्रमित थपिएका छन् । नयाँ सङ्क्रमितहरु ठूलो सङ्ख्यामा थपिँदै गएकाले अवस्था बडो चिन्ताजनक रहेको पाइएको समाचारमा जनाइएको छ । एजेन्सी

### तालिवानी आक्रमणमा परी सात सर्वसाधारण मारिए

**अफगानिस्तान**/तालिवान लडाकूहरूले गरेको आक्रमणमा परी शुक्रबार सातजनाको मृत्यु भएको छ । हेरात प्रान्तको कुशक रुबत साङ्गी जिल्लामा घटना भएको जिल्ला गभर्नर लालमोहम्मद ओमरजाइले शनिबार जानकारी दिनुभयो । शुक्रबार अबेर आक्रमण भएको बताइएको छ । आक्रमणकारी आक्रमणपछि भागेका थिए । आक्रमणमा परी मृत्यु भएकाहरूमध्ये एकजना शिक्षक पनि रहेको हेरात प्रान्तीय सरकारका प्रवक्ता जिलानी फरहादले सिन्ह्वालाई जानकारी दिनुभयो । घटनाका बारेमा तालिवान लडाकुहरूका तर्फबाट अहिलेसम्म कुनै प्रतिक्रिया नआएको समाचारमा जनाइएको छ । एजेन्सी

# हात्तिको आक्रमणबाट दुई महिलाको मृत्यु

**राजविराज**/सप्तरीमा हात्तिको आक्रमणबाट गत हप्ता दुई महिलाको ज्यान गएको छ ।

कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रबाट आएका जंगली हात्तिले आक्रमण गर्दा ती दुई महिलाको ज्यान गएको प्रहरीले जनाएको छ ।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका १ भवानीपुरकी ५५ वर्षिया मजादेवी सरदार घर नजिकैको जंगलमा गत आइतबार गाईबस्तु चराउन गएकी बेला हात्तीले आक्रमण गरेको थियो । उनको शव दुई दिनपछि मंगलबार बिहान सोही जंगलमा फेला परेको थियो ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीले जंगली हात्तिको आक्रमणबाट सरदारको मृत्यु भएको अनुसन्धानको क्रममा खुलेको जानकारी दिएकोछ ।

यस्तै गत शनिबारका दिन जंगली हात्तिकै आक्रमणबाट सप्तरीको कंचनरुप नगरपालिका ५ निवासी ४१ वर्षिया चन्द्रिकादेवी मुखियाको मृत्यु भएको थियो ।

यसैबीच सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ मा जंगली हात्तीले घरमा तोडफोड गर्दा लाखौंको क्षति गरेको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्षबाट गत आइतबारै मध्यरातमा आएको दुईवटा हात्तीको समुहले रुपनी गाउँपालिका वडा नम्बर ६ निवासी मकर बहादुर तामाङको घर तोडफोड गरि क्षति गरेको प्रहरीले जनाएको छ ।

हात्तीले घरसहित चामाल, लत्ताकपडा, भाँडाकुँडा, मकै लगायतका खाद्यान्न खाएर र कुल्चेर नष्ट गरेको पीडित परिवारले जनाएको छ ।

स्थानिय फुलमाया तामाङका अनुसार खानेकुरा समेत हात्तीले खाएपछि छाक टार्न आफुलाई कठिनाई भइरहेको दुखोसो पोखीन् ।

सोही हात्तीले डिक बहादुर यसमाली मगरको भान्सा घर भत्काएका छन् भने स्थानीय खड्ग बहादुर तामाङको बगैचामा पसेर आँपको हाँगा भाँचेर एक लाख बढी मुल्य बराबरको क्षति भएको पीडितको भनाई छ ।

यता कोशी टप्पु वन्यजन्तु आरक्षबाट आउने गरेको हात्तीले ठूलो जनधनकोको क्षति गर्दा समेत यसको नियन्त्रणप्रती कसैले चासो नदिएको हात्ती पीडितहरुको गुनासो छ ।

जिल्लाको सप्तकोशी, कंचनरुप नगरपालिका, अग्निसाइरकृष्णा सवरण, रुपनी गाउँपालिका तथा शम्भुनाथ नगरपालिका लगायतमा हात्तीले दैनिक आंतङ्क मचाउदै आएको छ ।

यता कोशी टप्पु बन्यजन्तु क्षेत्रबाट आउने जंगली हात्तिले उत्पात मचाउन र ज्यानै लिन थालेपछि स्थानीयले अविलम्ब हात्ति नियन्त्रणका लागि ठोस कदम चाल्न माँग गरेका छन् ।

# समायोजनपछि गठित समाजवादी युवा संघको अध्यक्षमा सर्वसम्मतले शिवशंकर

**राजविराज**/तत्कालिन संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टीबीच एकीकरण भएपछि दुवै पार्टीको युवा भातृ संगठनको स्थानियस्तरमा समायोजन भएको छ ।

दुबैको समायोजनपछि गठित समाजवादी युवा संघ सप्तरीको अध्यक्षमा शिवशंकर यादव सर्वसम्मतले चयन भएका छन् ।

यादवको नेतृत्वमा नवगठित यूवा संघको १५ सदस्यीय नयाँ कार्यसमिति गठन भएको छ ।

नवगठित कार्यसमितिको उपाध्यक्षमा राजिव साह, सागर यादव, सचिव केदार यादव, सहसचिव सुधिर यादव तथा कोषाध्यक्षमा नितु कुमारी पण्डित चयन भएकी छिन् ।

यस्तै सदस्यहरुमा ओमप्रकाश यादव, कुशेश्वर साह, राजकिशोर यादव, धर्मदेव सिंह, मो.. अन्सारुल, रामप्रसाद यादव, सुरेश महतो, धिरेन्द्र चौधरी र कपिलदेव साह चयन भएका छन् ।

तत्कालिन युवा फोरमका अध्यक्ष विशाल यादवको अध्यक्षता तथा केन्द्रीय सदस्य एवम् युवा समायोजन सप्तरीका संयोजक विनोद चौधरीको प्रमुख आतिथ्यमा आयोजित बैठकले १५ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ ।

कार्यक्रममा समाजवादी पार्टीका केन्द्रीय सदस्य शैलेश चौधरी, भिमराज यादव, सत्यनारायण यादव लगायतको समेत उपस्थिति थियो ।

# इट्टा उद्योगमा काम गर्दै गरेको जेसिबीको ठक्करबाट बालिकाको मृत्यु

**राजविराज**/जेसीबीको ठक्करबाट इट्टा उद्योगमा काम गर्ने एक भारतीय मजदुरकी छोरीको मृत्यु भएको छ ।

सप्तरीको राजगढ गाउँपालिका वडा नं. ५ मलेखपुरस्थित एमआरडी इट्टा उद्योगमा भारतको बंगाल राज्यस्थित खरिजाबाग बथरी ग्राम घर भएका सोही उद्योगमा काम गर्ने ईरसाद अलिको १५ वर्षिय छोरी अलमिनिया खातुनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोहि ईटा उघोगमा काम गर्दै गरेको ज.१क. जेसीबीले ठक्कर दिएपछि घाइते भएकी खातुनलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता ठक्कर दिने जेसिबी र सोका चालकलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

" राजविराज शहर, समृद्ध-हरित नगर "

**राजविराज नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

राजविराज, सप्तरी, प्रदेश नं. २, नेपाल

VISIT Nepal Year 2020

मति :२०७६।१०।२२

पत्र संख्या : प्रशासन/२०७६/०७७
चलानी नं. :

**राजविराज नगरपालिकाबाट नगरबासीमा जारी भएको अत्यन्त जरुरी सूचना ।**

हाल चीनमा फैलिएको *नोभेल कोरोना भाइरस* र सो ले नेपालमा पार्ने असरका सम्बन्धमा, नोभेल कोरोना भाइरस नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यो २०१९ n-Cov भाइरस पशुहरूबाट मानिसमा प्रसार भई हाल मानिसबाट मानिसमा संक्रमण फैलदै गएको पुष्टि विश्व स्वास्थ्य संगठनले गरेको छ ।

यस भाइरसले सामान्य रूघाखोकी देखि गम्भीर प्रकारको तीव्र *स्वासप्रस्वास संक्रमण*सम्म गराउन सक्छ। पछिल्लो जानकारी अनुसार हालसम्म विश्वभर *नोभेल कोरोना भाइरसबाट ७० वटा देशहरु* प्रभावित भईसकेको हुदा अति सर्तकता अपनाउनु पर्ने भएको हुदा सवैमा जानकारी गराउदछौं ।

***मुख्य लक्षणहरु***

- प्रभावित देशहरुबाट आउने मानिसहरुमा दई हप्ता भित्र ***रुघाखोकी*** लागेमा,
- ज्वरो *(१००.४ °F* माथी) आएमा ।
- घाँटी / टाउको दुखेमा
- *स्वाश प्रश्वाश*मा अत्याधिक समस्या आएमा,

*(तुरुन्त नजिकको स्वास्थ्य संस्था सम्पर्क गर्ने ।)*

***कोरोना भाईरसबाट कसरी आफु र अरुलाई बचाउने***

- नियमित *साबुन पानीले* हात धुने
- *खोक्दा र हाछ्युं* गर्दा नाक र मुख छोप्ने ।
- फ्लु जस्तो लक्षण देखिएमा डाक्टरसंग परामर्श लिने ।
- *फ्लु जस्तो लक्षण* देखाउने जो कोही संग टाढा रहने ।
- जंगली तथा घरपालुवा *पशुपन्छीसँग असुक्षित सम्पर्क*बाट टाढा रहने ।
- पशुजन्य मासु *तथा अण्डा* राम्रोसंग पकाएरमात्र खाने ।
- *मास्क र पंजा*को प्रयोग गर्ने ।

**र साथै सामुहिक कार्यक्रम, भोज भतेर पर्व समेत नगर्न नमनाउन समेत हार्दिक अपिल गर्दछौं ।**

शम्भु प्रसाद यादव
नगर प्रमुख

सुशासन, पारदर्शिता, जवाफदेहिता र हाम्रो पतिवद्धता
फोनः ०३१ ५२०७०३, ५२००३७, ५२०६४३, फयाक्सः ०३१५२०६६६
email: rajbirajmunsaptari@gmail.com website: www.rajbirajmun.gov.np


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*